प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७९/०८० मा डिप्लोमा तथा प्रमाणपत्र तहको स्वीकृत कार्यक्रमहरुको पूर्ण शूल्कीय तर्फ प्रवेश परीक्षा संचालनका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७९।०४।१२)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७९/०८० मा परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका आंगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) र नीजि स्तरमा संचालित शिक्षालयहरुले परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९" बमोजिम पूर्ण शुल्कीय तर्फ **प्रमाणपत्र तह नर्सिङ्ग बाहेकका** स्वीकृत कार्यक्रमहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुबाट मिति २०७९ श्रावण २६ गते भित्र रितपूर्वक आवेदन फाराम भर्नु भराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

एस.ई.ई/एस.एल.सी/प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी तह उत्तीर्ण भएका बिद्यार्थीहरुले पेश गरेका शैक्षिक योग्यता वापत प्रदान गरिने अंक र प्रवेश परीक्षामा प्राप्त गरेको अंकको योगफल तथा कार्यक्रम र कोटाका आधारमा योग्यताक्रमानुसार छनौट हुने व्यहोरा अनुरोध छ । साथै यस सम्वन्धी विस्तृत विवरण "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९" मा उल्लेख गरिएको हुंदा www.ctevtexam.org.np मा राखिएको भर्ना सम्वन्धी निर्देशिका अध्ययन गर्नु हुन समेत अनुरोध छ ।

साथै परिषद्बाट कार्यक्रम सञ्चालन गर्न अनुमती प्राप्त शिक्षालयहरुको नाम, ठेगाना, कार्यक्रम, स्वीकृत कोटा संख्या तथा अन्य विस्तृत जानकारी www.ctevtexam.org.np मा हेर्नुहुन समेत सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**